"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार र व्यापार; सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका

## Gaur Municipality

## नगर कार्यपालिकाको कार्यालय

### Office of The Municipal Executive

गौर, रौतहट

Gaur Rautahat

मधेश प्रदेश, नेपाल

Madhesh Province,Nepal

पत्र संख्या/Ref.No.:-२०७९/०८०

चलानी नं./Dispatch No.:-

मिति/Date: २०७९/१०/२५

**सूचना !** **सूचना !!** **सूचना !!!**

**विषयः- न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सूचना ।**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७९/१०/२३ को प. स. २०७९/८०, च. नं. PMEP/३३५ को पत्रानुसार रोजगारीको हक सम्बन्धी ऐन, २०७६ को दाफा ११ रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८०/८१ मा यस गौर नगरपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माण तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ७० बमोजिमको रोजगार आयोजनाका सम्भावित क्षेत्रहरुको काममा योगदान गर्न चाहने इच्छुक बेरोजगार व्यक्तिहरुले २०७९/११/३० भित्र यस नगरपालिकामा स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यलयमा रोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन देहायका योग्यता पुगेका व्यकतिहरुले निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै निवेदन सहित तपसिल बमोजिमको कागजात समेत पेश गर्नु हुन अनुरोध छ।

(१) निवेदन दिंदा मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एकसय दिनको रोजगारीमा संलग्न नभएको।
(२) निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम एकसय दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको।
(३) १८ देखि ५९ वर्ष उमेर समुहको।
(४) पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको।

**तपसिलः-**

(१) नेपाली नगरिकताको प्रमाणपत्रको –प्रतिलिपि।
(२) बसाइसराई गरेर आएको भए सो को - प्रतिलिपि।
(३) निजको शैक्षिक योगयता र कार्यअनुभव भए सो को प्रतिलिपि।
(४) पासपोर्ट साइजको फोटो – १ प्रति।

सुभाष कुमार ठाकुर
नि. प्रमुख प्रशासकिय अधिकृत

सुभाष कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत